वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ४ ● ने.सं. ११४० थिंलाथ्व द्वादशि ● वि.सं. २०७६ मंसिर २३ गते, सोमबार ● 2019 December 9 Monday ● पृष्ठ ८

## कीर्तिपुरको न्हय्‌गां जात्रा

# मन्त्रीद्वारा अवलोकन



कीर्तिपुर नगर र आसपासका क्षेत्रमा भएको साँस्कृतिक चाड न्हयूगां जात्रा (सात गाउँले जात्रा) संघीय सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री माननीय योगेश भट्टराईले अवलोकन गर्नुभयो। थिंलाथ्व दशमि (मंसिर २० गते) कीतिपुर नगरपालिका वडा नं. १ स्थित लायूकूमा मुख्य जात्रा हुने स्थानमा सो जात्राको उत्सुकतापूर्वक अवलोकन गर्नु भयो। न्हयूगां जात्रामा जात्रा गर्ने देवीहरू मध्ये सबभन्दा जेठी कीर्तिपुरको ईन्द्रायणी हो। कीर्तिपुर नगरपालिकाको वडा नं. १,२,३ र १० मा ईन्द्रायणीको जात्रामा गरिन्छ। कीर्तिपुर नगरपालिकाको निमन्त्रणामा माननीय मन्त्री आउनु भएको हो। सो अवसरमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, वडा नं. १ का अध्यक्ष हर्ष महर्जन, वडा नं.२ का अध्यक्ष रमेशमान डंगोल, वडा नं.३ का अध्यक्ष राजेन्द्र महर्जन, वडा नं. ९ का वडा अध्यक्ष गंगाराम महर्जन, वडा नं.१० का अध्यक्ष अमन महर्जनका साथै नेकपाका केन्द्रीय सदस्य सुरेन्द्र मानन्धरको पनि विशेष उपस्थिति थियो।

**साँस्कृतिकरुपले सभ्य जात्रा पर्यटककालागि आषर्कण हुने भएकोले सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० को लागि कीर्तिपुरलाई पनि पर्यटकको गन्तब्यको रुपमा सूचिकृत गरी विभिन्न कार्यक्रमहरू गर्न अनुरोध गर्नुभयो।**



अनौपचारिक कुराकानीमा मन्त्री भट्टराईले कीर्तिपुरको यस्तो साँस्कृतिकरुपले सभ्य जात्रा पर्यटकका लागि आकर्षणको विषय हुने भएकोले नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० को लागि कीर्तिपुरलाई पनि पर्यटकको गन्तब्यको रुपमा सूचिकृत गरी विभिन्न कार्यक्रमहरू गर्न अनुरोध गर्नुभयो। यस न्हयूगां जात्रा गर्न कीर्तिपुरका प्रत्येक टोलहरूबीच पालैपालो गरी जात्रा गर्ने भएकोले यसपटक कीर्तिपुर नगरपालिका वडा नं. ३ स्थित नगःच्व टोल, समल टोल, कुटुसाल टोल र सागल टोलको पालो हो। जुन टोलको पालो हो त्यसै टोलले जात्राको विशेष पुजा द्वारेपुजा गर्ने चलन अनुसार यसपटक कुटुसाल टोलका जेष्ठ नागरिक मंगल मानन्धर द्वारे बनी पुजा गर्नु भएको छ। यस जात्रामा द्वारेको विशेष सम्मान र महत्व हुने गर्दछ।

बाघभैरव परिसरभित्र रहेको खटलाई एक दिन अगाडि नै स्थानीय पीगनय् (पिठमा) राख्न लगिन्छ र दशमीका दिन पिगंबाट खटमा देउतालाई राखी देवढोका, नगःच्व, समल, दिलबूचा हुँदै लाय्‌कूसम्म जात्रा गरी ल्याइन्छ। लाय्‌कूमा पालो रहेको टोलबाट द्वारे सहित पुजा आउने चलन छ।

त्यसैगरी नवमीका दिन कीर्तिपुर नगरपालिकाका वडा नं. ५,७ र ८ वडा रहेको पांगामा विष्णुदेवी र बालकुमारीको जात्रा भएको थियो। भाजंगलको विष्णुदेवी मन्दिरदेखि खटमा राखी जात्रा गर्दै स्थानीय द्यःचपाःमा राखिएको थियो। त्यहाँ वडाका अध्यक्षहरूले द्वारे पुजा गरेका थिए। ५ नं. वडाका अध्यक्ष राजेन्द्र महर्जन, ७ नं. वडाका अध्यक्ष राजकुमार माली र ८ नं. वडाका अध्यक्ष विनोद महर्जनले वडाकै प्रतिनिधित्व गर्दै द्वारेको रुपमा पुजा गरेका थिए। कीर्तिपुर नगरपालिका वडा नं. ९ मा रहेको नगाउँमा भने अष्टमीका दिन बुधवार नै धाल्चा खाकेगु जात्रा मनाएको थियो।

***बाँकी पृष्ठ २***

## सम्पादकीय

# भ्रष्टाचारविरुद्ध एक होऔं ।

आज विश्वभर भ्रष्टाचारविरुद्ध दिवस मनाइँदै छ। पैसा भनेपछि महादेवको पनि तीन नेत्र भनेझैं मानिसहरू मेहेनतले भन्दा पनि जसरी हुन्छ पैसा धेरै कमाउने र धनी बन्न लालायित भैरहेका हुन्छन्। मुख्य रुपमा सरकारी ओहोदामा बसेका मानिसहरू यस कुरामा बढी नै मुछिएका हुन्छन्। तिनीहरू यस्ता भ्रष्टाचारजन्य कुराहरू गरिरहेका हुन्छन्। ट्रान्सपारेन्सी ईन्टरनेशनलको सन् २०१८ को रिपोर्ट अनुसार भ्रष्टाचार हुने विश्वका १७५ देशहरू मध्ये नेपाल १२४ औंमा पर्दछ। रिपोर्ट अनुसार सन् २०११ मा १५४ औं मा परेको थियो भने सन् २००४ मा ९० औंमा परेको थियो।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले नेपाल पनि भ्रष्टाचारमुक्त देश बनाउन बिभिन्न समयमा बिभिन्न कार्यक्रमहरूमा आफ्ना अभिब्यक्तिहरू दिइरहनु भएको छ। मेयर महर्जनका अनुसार यस भ्रष्टाचारमुक्त गराउन बालबालिकाहरूको ठूलो भूमिका हुन सक्दछ। वहाँका अनुसार बालबालिकाहरूलाई स्कूल वा अन्य कुनै पनि ठाउँमा आफ्ना लागि आफ्नो अभिभावकहरूलाई भ्रष्टाचारबाट कमाएको पैसाले आफ्नो भविष्य राम्रो नहुने र भ्रष्टाचारीका छोरा छोरी हुनु छैन त्यसैले हाम्रो लागि भ्रष्टाचार नगर्नु भन्न लगाउन सकियो भने भ्रष्टाचारमा अधिकतम कमी हुन आउने छ।

भ्रष्टाचार भनेको खालि पैसा कमाउने मात्र नभई योग्यता नपुगेको मान्छेलाई ती पदमा आफ्नो मान्छे भनसुन गरी गराई भर्ना गराउनु पनि एक प्रकारको भ्रष्टाचार नै हो। त्यसैले आजैका दिन देखि सबैले यी कुराहरूलाई मनन् गर्दै आफ्नै मिहिनेतले कमाउने बाहेक छलकपट गरी वा प्रलोभनमा पारेर कोही कसैसँग कुनै प्रकारको भष्टाचार नगर्ने प्रतिबद्धता गर्नु नै आजको भ्रष्टाचारविरुद्ध दिवसलाई सार्थक बनाउनु हो।

# नगरपालिकाद्वारा स्थलगत निरीक्षण



कीर्तिपुर नगरपालिका वडा नं. ४ खड्का गाउँको तीनधारेमा बाटो फराकिलो पार्न रिटेलिङ्ग वाल लगाइरहेको कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्कासहितको टोलिले निरीक्षण गर्नु भएको छ। त्यसैगरी वडा नं. १० लोकतान्त्रिक चोकमा सडक स्तरोन्नती (पीच) गरेको पनि मेयर रमेश महर्जन, उपमेयर खड्का, बरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जनसहितको टोलीले स्थलगत निरीक्षण गरेको छ।

## कीर्तिपुरको ...

कीर्तिपुर नगरपालिका वडा नं.४ गाम्चामा पनि छुट्टै विष्णुदेवीलाई खटमा राखेर परिक्रमागरी जात्रा मनाइएको थियो। यस जात्रामा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्काले संयुक्तरुममा पुजा गर्नु भएको थियो। सो अवसरमा मेयर महर्जनले यस जात्रा गर्ने विष्णुदेवी मन्दिर निर्माणको लागि नगरपालिकाले आउँदो वर्षमा बजेट विनियोजन गर्ने साथै विष्णुदेवी मूर्ति राख्ने पुरानो पाटी पनि निर्माण गर्ने बताउनु भयो। गाम्चामा यस जात्रा पहिले पहिले बःखु स्थित विष्णुदेवीमा लैजाने गर्दथ्यो। तर त्यहाँजान खेतको बीचबीचबाट जानुपर्ने र बाटो नभएकोले स्थानीय गाम्चामा मात्र जात्रा गर्ने चलन चलेको थियो। त्यसैकारण पनि यस गाम्चाको बिष्णुदेवी माइतिजान नपाएको देउताको रुपमा पुजिन्छ। मंसिर २० गते न्हयूगां जात्राको-सात गाउँले जात्राको) उपलक्ष्यमा कीर्तिपुर नगरपालिकाले सार्वजनिक बिदा दिएको थियो।

# न्हयग्‌गां जात्राका केही तस्बिरहरू




























# न्हयूगां जात्रा म्येचाः पिदन



किपूलिसें जःखःया नेवाः वस्तिई थिंलाथ्व अष्टमीनिसें जुइगु जात्रायात न्हयूगां जात्रा धाइगु खः। थुगु हे न्हयूगां जात्राया लसताय् “न्हयूगां जात्रा”या नामं म्येचाः पिथंगु दु। लोककवि राजभाई जःकमिया च्वसां पिज्वःगु व म्यैं हालामि रिता महर्जनया लसय थुगु म्यैंचाः पिदंगु खः।

रिता महर्जन, रानीशोभा महर्जन, स्वस्ति महर्जन व रत्नशोभा महर्जनं द्यःल्हायेकथं म्यैं हाला शुरुयानादीगु ज्याझ्वलय् मूपाहाँ जनकवि दुर्गालाल श्रेष्ठं त्वादेवाय् मत च्याका ज्याझ्वःया उलेज्या यानादीगु खः।

मन्दः फल्चा अमल्सि खलः, न्हूबजाः किपूया ग्वसालय् मंसिर १४ गते किपूया नगरमण्डप श्री कीर्ति विहारय् जूगु ज्याझ्वलय् मूपाहाँ नेपालभाषा मंकाः खलःया नायः लिसें जनकवि दुर्गालाल श्रेष्ठ, विशेष पाहाँ किपू नगरपालिकाया मेयर रमेश महर्जन, पुलांम्ह राज्यमन्त्री दिलिप महर्जन, हःपा दबूया नायः शेषनारायण महर्जन, म्यैंचाया च्वमि राजभाई जःकमि, म्यैंचाःया लयूचिनामिलिसें म्यैं हालामि रिता महर्जन, ग्वसाखलःया नकिंलिसें ज्याझ्वःया सभापति शोभा महर्जनं मंकाः कथं चिखिफ्यनेज्या यानादीगु खः।

विशेष पाहाँ किपू नगरपालिकाया मेयर रमेश महर्जनं न्हयूगां जात्रा म्यैंचाःया टाइटल म्यैं न्हापा हे न्यनेधुनागु व थुकिं किपूयात म्हसीकेत ताःलाःगु धयादिसें थुगु म्यैं झीगु संस्कृति ल्यंकाःतयेत बः ब्यूगु धयादिल। लिसें थजाःगु साँगितिक ज्याझ्वः यायेत किपुलिई हे दुगु नेपालभाषा एकेडेमिया हल छ्यलेमाःगुलि बः बियादिसें उगु हल बांलाकेत न्हापा बजेट तयाः नं खर्च याये मफुगुलिं थुगु दँय् हाकनं नं बजेट फ्याना तयागु धयादिल। उगु हल दयेकेत नेवाः पहलं दयेकेमाःगु जूगुलिं थुकीया बारे ज्ञानदुपिं सुं दुसा स्वापूतयादीत नं इनाप यानादिल।

मूपाहाँ जनकवि दुर्गालाल श्रेष्ठं गुबले तक किपू लागाय् न्हयूगां दई, उबलेतक किपू दयाच्वंनी धयादिसें तरवारं जक बूपिं किपूमिपिं बिचारं गुबलें नं मबूगु धयादिल।

ज्याझ्वलय् प्रदेश नं. ३ या सांसद् पुकार महर्जनं न्हयूगां जात्रा म्यैंचाःया च्वमि राजभाई जःकमि व लसयूहनादीम्ह रिता महर्जनयात सुभाय् लिसें भिंतुना बियादिल। प्रदेश नं. ३ या नामाङ्कनय् विवाद जुयाच्वंगु खँ न्ह्यथनादिसें प्रदेश नं. ३ या नां नेपालमण्डल हे जुइमाःगु खँय् बःबियादिल।

ग्वसाःखलःया दुजः दानबहादुर महर्जनं लसकुस यानादीगु ज्याझ्वः रामभक्त महर्जन रमझमं न्ह्याकादीगु खः।

---

# लाखे पाः च्वनीगु फल्चा उलेज्या



किपूलिसें जःखःया नेवाः वस्तिई थिंलाथ्व अष्टमी बुधवाःनिसें जुयाच्वंगु न्हयूगां जात्राया झ्वलय् किपुलिई लाखे पाःच्वनीगु फल्चाया उलेज्या जूगु दु। किपू नगरपालिकाया मेयर रमेश महर्जन व उप मेयर सरस्वती खड्कां रिवन चानां मंकाः कथं उलेज्या यानादीगु खः। दच्छि न्ह्यः निसें स्थानीय मिम कुमार महर्जनया नायःसुइ दयेज्या जुयाच्वंगु नेवाःपहःया उगु फल्चा जात्रायात लक्षित याना दयेके क्वचायेकूगु खः।

फल्चा उलेज्यायानादिसें किपू नगरपालिकाया मेयर रमेश महर्जनं किपूया मूर्त अमूर्त सम्पदात संरक्षण व सम्बर्धन यानावनेगु नगरपालिकाया दायित्व हे जूगुलिं थजाःगु ऐतिहासिक फल्चा दयेके खंगुलिं लसता प्वंकूसें थुगु फल्चा दयेकेगु ज्याय् ग्वहालियानादीपिं सकलसित सुभाय् वियादिल। वंगु गुंलाय् नं त्वाःत्वाःपतिकं फल्चाय् दाफा थाइगु इलय् दाफा थाःगु खलःपुचःयात नगरपालिकापाखें आर्थिक ग्वहालि यानागु लुमंकादिसें थुकिंयाना नं दाफा संस्कृति निरन्तर जुयावनीगु खँय् विश्वास प्वंकादिल। दाफया लिसें आः दाफा थायेबलय् मदयेक मगाःगु रागया संरक्षण यायेगु धयादिल। राग मदयेक दाफाया महत्व मदयेफुगु धयादिसें थुकिया लागि नेपाल नाट्य प्रतिष्ठानलिसेया सहकार्य थ्व ज्या न्ह्याकेगु धयादिल। भाजु तिर्थमाली व सुरेन्द्र श्रेष्ठपिंत जिम्मेवारी बियातयागु कनादिसें मेयर महर्जनं दाफा खलकलय् गुरुपिं मदयावनीगु अवस्थाय् राग नं न्हनावनीधका थजाःगु रागत स्टुडियोय् हे रेकर्डयायेगु ज्या जुइगु न्ह्यथनादिल।

थुगुहे ज्याझ्वलय् किपुलिइ दुगु साँस्कृतिक सम्पदात मुंकाः तयार याःगु कीर्तिपुर नगरपालिकाको सांस्कृतिक विवरण नांगु सफूया नं चिखिफ्यनेज्या यानादीगु खः। किपू नगरपालिकापाखें हे पिथंगु थुगु सफूया नं मेयर व उपमेयर लिसें पाहाँपिंसं चिखिफ्येनेज्या यानादीगु खः। किपूया बारे अध्ययन व अनुसन्धाया यानाच्वनादीपिं बज्रमुनि वज्राचार्य व प्रयागमान प्रधानपिंसं च्वयादीगु थुगु सफू किपूया साँस्कृतिक सम्पदा जुइगु विश्वास यानादीगु खः।

# किपू नगरपापिलकां काहां लः ल्हात

नेवाः संस्कृतिइ मनूत सीसां व छुं नं छुं जात्राय् मदयेक मगाःगु नेवाः बाजं काहां लोप हे जुइगु जूगुलिं किपू नगरपालिकां काहांया संरक्षण यायेगु तातुनां थुगु बाजं दयेकादीगु दु। किपू नगरपालिकाया ९ नं. वडाय् लाःगु नगांमय् दुगु काहां बाजं पुलांजुयाः पुइहे मजीवं नगरपालिकां थुकीयात संरक्षण याःगु दु। न्हय् गां जात्राया हे भ्वलय् पुइमाःगु थुगु काहाँ जिर्णजूगुलिं स्थानीय काहांबाजं खलःया नायः जुजुभाई महर्जनं मेयर रमेश महर्जनयात काहांयात संरक्षण यायेमाल धका इनाप याःकथं नगरपालिकापाखें न्हूगु काहां दयेकेत आर्थिक ग्वहालि याःगु खः।

नगरपालिकापाखें दयेकूगु थुगु न्हूगु काहाँ मंसिर १४ गते शनिवाः बाजंखलःयात लःल्हायेगु ज्याभ्वः जुल। नगामय् जूगु ज्याभ्वलय् मेयर रमेश महर्जनलिसें उपमेयर सरस्वती खड्का, ९ नं. वडाया अध्यक्ष गंगाराम महर्जन, ९ नं.वडाया दुजः सुनिता नकर्मि, ९ नं. वडा हे दुजः संजयमान महर्जन, देय् नायः कृष्णदेव महर्जनं काहां बाजा खलःया नायः जुजुभाई महर्जनयात निज्वः (खुपु) उगु बाजं लःल्हाःगु खः।

ज्याभ्वलय् न्ववानादिसें मेयर महर्जनं न्हापां थुगु बाजं मर्मतजक यायेगु धयादीगु लिपा मर्मत याना नं मजीगु जूगुलिं न्हुगु हे दयेकेत उजंबियागु



न्ह्यथनादिल। नेवाः संस्कृति मदयेक मगाःगु थुगु काहां बाजायात नं न्हू पुस्ताय् समेत ल्यंकाः तयेया नितिं थुकियात व्यवसायिक याना वनेगमाःगु खँय् बः बियादिल। न्हनांवनेत्यंगु थुगु बाजायात नगरपालिकां न्हूगु दयेकाबियाः च्वछायेबहःगु ज्यायानादीगुलिं काहाँ बाजा खलःया नायः जुजुभाई महर्जनं नगरपालिकायात सुभाय् बियादिल। ज्याभ्वलय् काहां बाजा गरु ईन्द्र महर्जनयाया नं ब्वति दुगु खः।

## ज्यापु दिवसया लागिं साइकल ऱ्यालीपाखें प्रचार

१६ क्वःगु राष्ट्रिय ज्यापु दिवस थिंलाथ्व पुन्हि (मंसिर २६ गते) खुन्हु तःजिक हनेत साइकल ऱ्याली याना प्रचार प्रसार याःगु दु। मंसिर १४ गते येँया २१ वडा, गोफःत्वाः, माकः गल्लीं शुरु जूगु साइकल ऱ्याली नेवाः वस्ति ब्रम्हत्वाः, थक्वाः, किपुल्चा, सतुंगः, नगांजुयाः पांगाया दिख्यलय् क्वचायेकूगु खः।

थ्यंमथ्यं ३५० साइकलं ब्वतिकाःगु थुगु ऱ्यालीयात किपू नगरपालिकां लसकुसयासें भ्वय् नकूगु खः। दिख्यः पांगाया मांपुचःया ग्वहालिइ पांगाया दिख्यलय्तुं किपू नगरपालिकां भ्वय् नकूगु खः। ज्याभ्वलय् किपू नगरपालिकाया मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, ९ नं. वडाया वडाअध्यक्ष गंगाराम महर्जनलिसें विश्व साइकल यात्री पुष्कर शाहया नं ब्वति दुगु खः।

# चीहाः संकिपा कासाय् दुथ्याःगु दक्वं संकिपा स्वीकृत

किपू देय्या मूर्त व अमूर्त कला, संस्कृति, सम्पदा, इतिहास, धर्मया बाखंचुयात कःघानाः किपू नगरपालिकापाखें ग्वसाःग्वःगु “किपू नगरपालिका चीहाः संकिपा कासा”य् दुथ्याःगु संकिपायात स्वीकृति बिसें संकिपा दयेकादीत इनाप याःगु दु।

मंसिर १८ गते संकिपा दयेकेयानितिं बाखंचु (Oneline story) दुथ्याकूपिं सकलसित ग्वसाःखलकं सहलहयानिंतिं सःतूगु खःसा अनहे दुतिउंगू संकिपायात स्वीकृतिबियाः संकिपा दयेकादीत इनापयासें पौ लःल्हाःगु खः। येँ, यल व ख्वपंयाना मुक्कं १८ गू संकिपा दुथ्याःगु खः। संकिपा दयेकेया नितिं दुथ्याःकूपिंत २०७६ माघ २९ गते तकया दुने स्क्रिप्ट सहित पूवंक संकिपा दयेका दुथ्यायादीत इनाप यानादीगु खः।

सहलह ज्याभ्वलय् किपूया बारे थप छुं खँ सयेके सीके माःसा वा छुं खँ न्यनेमाःसा किपूया बारे अध्ययन अनुसन्धान यानाच्वनादीपिं भाजु प्रयागमान प्रधान, बज्रमुनि वज्राचार्य, जीवन महर्जन, चन्द्रमान बज्राचार्य, डा.तुयु बहादुर महर्जन, प्राज्ञ रामकृष्ण दुवाल, कर्ण महर्जनपिं श्रोतव्यक्ति कथं म्हसीका ब्यूगु खःसा वय्कपिनिगु नं ब्वति दुगु खः। किपू नगरपालिकाया भाषा, साहित्य, पर्यटन व सामाजिक समितिया कजि लिसें किपू नगरपालिका वडा नं. २ या अध्यक्ष रमेशमान डंगोलया सभापतित्वय् जूगु सहलह ज्याभ्वः चीहा संकिपा कासाया कजि लक्ष्मीकुमार महर्जन “उदासं” न्ह्याकादीगु खः। ज्याभ्वलय् संकिपा दयेकादीपिं व ग्वसाःखलःसहित श्रोतब्यक्तिपिंलिसे अन्तरक्रिया नं जूगु खः।

चीहाः संकिपा कासा”य् दुथ्याःगु संकिपात थुकथं दु।

| छसिं ल्याः | दुथ्याःकूगु संस्था/व्यक्तिया नां | संकिपाया नां |
|---|---|---|
| १ | ख्वप मिडिया सर्कल | यःत्यः |
| २ | शशिकला मानन्धर | लाखे पाः |
| ३ | कीर्तिपुर मिडिया हाउस | करुणामय किपुलिइ ख्यालि वःगु |
| ४ | नरेन्द्र महर्जन | किपू देय् |
| ५ | सुभाय् मिडिया | ख्यालि द्यः |
| ६ | सागर महर्जन | दुईं |
| ७ | धुँदेय् प्रडक्शन प्रा. लि. | बाखँ मखु थ्व खँ |
| ८ | प्रज्वल शाक्य | लाखे पाः च्वनेगु |
| ९ | नेवाः यूट्यूव | कला संस्कृति व संरक्षण |
| १० | नारायण महर्जन | क्वाःच्वया गं |
| ११ | रत्न महर्जन | न्हाय् दुपिं |
| १२ | सुरेश स्थापित (नेवाः ईन्टरटेन) | घात |
| १३ | रामेश्वर श्रेष्ठ | शाहसी वीर किपूमि |
| १४ | प्रदीप खड्गी | गुका सिँ |
| १५ | डेल्टा मल्टिमिडिया प्रडक्शन प्रा. लि. | साःगाः |
| १६ | मगन ईन्टरटेण्टमेण्ट प्रा. लि. | बाघभैरव |
| १७ | नेवाः यूट्यूव | आजु द्यः |
| १८ | भिमसेन रिसाल | गन माः वनेगु |

# कीर्तिपुर नगरपालिका वडा नं. ३ खासिबजारस्थित भिंपुखू (पोखरी) पहिले र अहिलेका अवस्था


पहिले



अहिले

## रक्तदान सम्पन्न



कीर्तिपुरको ईन्द्रायणी जात्रा (न्हयूगां जात्रा) को उपलक्ष्यमा मंसिर २१ गते शनिवार कीर्तिपुर नगरपालिका वडा नं. ९, नयाँबजार स्थित भाजु मयूजु समूहद्वारा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उद्घाटन गर्नुभएको उक्त रक्तदान कार्यक्रममा १० जना महिला सहित ३४ जनाले रक्तदान गर्नु भएको थियो। रक्तदान कार्यक्रममा बोल्नु हुँदै प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले रक्तदान गर्नु भनेको राम्रै काम हो र यसले आफ्नो शरीरमा खेर गइरहने रगतलाई सञ्चय गरेर अरुको जीवन बचाउन मद्दत गर्ने भएकोले अत्यन्तै पुण्यकाम पनि भएको उल्लेख गर्नुभयो। रक्तदान गर्ने संस्थालाई नगरपालिकाबाट आर्थिक सहयोग गर्ने छुट्टै नै व्यवस्था गरिरहेको बारे जानकारी दिनुभयो। कार्यक्रममा ९ नं. वडाका अध्यक्ष गंगाराम महर्जनको पनि उपस्थिति थियो।

## सागको खो खो खेलमा भारतले स्वर्ण पदक जित्यो



१३ औं दक्षिण एशियाली खेलकुद् (साग) अन्तर्गत कीर्तिपुरको कभर्ड हलमा सम्पन्न खो खो खेलमा भारतले स्वर्ण जितेको छ। पुरुष र महिला दुबै समूहमा भारतले स्वर्ण जितेको हो।

महिला समूहमा नेपालले रजत पदक प्राप्त गरेको थियो भने बंगलादेशले कास्य पदक प्राप्त गरेको थियो। त्यसैगरी पुरुष समूहमा बंगलादेशले रजत पदक प्राप्त गरेको थियो भने नेपालले कास्य पदक प्राप्त गरेको थियो।

डिसेम्बर १ का दिन संघीय सरकारया युवा तथा खेलकुद् मन्त्री माननीय जगतबहादुर विश्वकर्मालेे उद्घाटन गर्नु भएको खो खो खेल डिसेम्बर ४ मा समापन भएको थियो। समापन समारोहमा कीर्तिपुर नगरपालिका वडा नं. १० का अध्यक्ष अमन महर्जन लगायतले पदक प्रदान गर्नुभएको थियो भने रेफ्री, स्वयंसेवक र सहभागी सबैलाई मायाको चिनो पनि प्रदान गरिएको थियो। नेपाल, बङ्गलादेश, श्रीलंका र भारतले खो खो खेलमा प्रतिस्पर्धा गरेको थियो।

डिसेम्बर ६ देखि सोही हलमा फेन्सिङ्ग खेल भैरहेको छ। फेन्सिङ्ग खेलमा नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश र श्रीलंकाले भाग लिइरहेका छन्। उक्त खेल डिसेम्बर १० मा समापन हुनेछ।

# इको सिटी प्रमोशनमा मेयरको सहभागिता



उपत्यकाको शहरी वातावरणलाई सुधार गर्न हालै इको सिटी प्रमोशन कार्यक्रमको आयोजना गरिएको थियो। ललितपुर महानगरपालिकाद्वारा गरिएको उक्त कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, कीर्तिपुर नगरपालिका वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल र वडा नं. १० का अध्यक्ष अमन महर्जन लगायत बुढानिलकण्ड नगरपालिका, भक्तपुर नगरपालिका, महालक्ष्मी नगरपालिका र शंखरापुर नगरपालिकाको सहभागिता रहेको थियो।

ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले कार्यक्रमामा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्र प्रस्तुत गर्दै मेयर महर्जनले गोदावरीदेखि पाटनहुँदै बुढानिलकण्ठको शिवपुरीसम्म साइकल लेन बनाउनेबारे अनुरोध गर्नुभयो। साथै वहाँले इको सिटी प्रमोशनका लागि छिमेकी नगरपालिकाहरूलाई पनि साइकल लेन बनाउन अपिल गर्नु भयो। ललितपुरले भर्खरैमात्र आफ्नो महानगरपालिकामा साइकल लेन बनाउने घोषणा गरेको थियो। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले कीर्तिपुरमा पनि सम्पदा जोगाउने कार्य गरिरहेको र साइकल लेन बनाउने कुरामा पनि सहमति जनाउनु भयो। कार्यक्रम मंसिर १७ गते होटल हिमालयनमा भएको थियो।

# कीर्तिपुरमा २८ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस

२८ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस कीर्तिपुरमा पनि एक र्‍यालीको आयोजना गरी मनाइयो। कीर्तिपुर नगरपालिकाको आयोजनमा भएको र्‍यालीमा विभिन्न प्रकारका शारीरिक अपाङ्गता भएका सहित विभिन्न स्कूलका विद्यार्थीहरू, जनप्रतिनिधिहरू र संघसंस्थाहरूले भाग लिएका थिए।

नगरपालिकाको नयाँ भवन, लोकतान्त्रिक चोकमा जम्मा भई नगरपालिकाका मेयर रमेश महर्जनले र्‍याली शुरु भएको घोषणा गर्नुभयो।




नयाँबजारबाट शुरुभएको र्‍याली लोकतान्त्रिक चोक, नयाँबजारभई नगाउँ दोबाटो तःगवपिमा पुगी समापन भएको हो। सहभागीले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि राज्यले समान व्यवहार गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अवसर दिनु पर्ने लगायतका नारा लगाएका थिए।

स्थानीय अपाङ्गता समन्वय समितिया संयोजक र कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले अपाङ्गता परिचय पत्र गत भाद्र ३० गतेदेखि वितरण गर्दै आइहेको उल्लेख गर्नुहुँदै र्‍यालीमा सहभागी सबैलाई धन्यबाद् दिनुभएको थियो।

# भलिबलमा वडा नं. ९ "ख" को शानदार जित

कीर्तिपुरको न्हयूगा जात्रा (सात गाउँले जात्रा) को उपलक्ष्यमा कीर्तिपुर नगर वडा स्तरीय भलिबल प्रतियोगिता २०७६ फाइनलमा वडा नं. ९ "ख" ले जीत हासिल गरेको छ। ईन्द्रायणी परिवार क्लब आयोजक र कीर्तिपुर नगरपालिका वडा नं. २ सहआयोजक रहेको उक्त प्रतियोगिता मंसिर ७ गते देखि शुरु भएको थियो।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उद्‌घाटन गर्नुभएको उक्त प्रतियोगितामा जम्मा १० वटा टीमले भाग लिएका थिए। कीर्तिपुरका १० वडा मध्ये वडा नं. ७ ले भाग लिएको छैन भने वडा नं. ९ बाट दुईवटा टीम (वडा नं. ९, "क" र वडा नं. ९ "ख") ले भाग लिएका थिए। समूह ए टीममा वडा नं. ५, ८, ३, २ र ९ "क" रहेका थिए भने समूह "बि" टीममा वडा नं. ६, १, ९ "ख" र ४ समाबेश भएको थियो।

किपू नगरपालिका वडा नं. २ देवढोका स्थित खेलकुद् मैदानमा मंसिर १७ गते मंगलबार भएको फाइनल खेल वडा नं. ९ "ख" र वडा नं. २ बीच भएको थियो। २५-२५, २५-२५ र २५-२२ स्कोर गरी वडा नं. ९ "ख" ले जित हासिल गरेको थियो।



खेल समापन पश्चात भएको पुरस्कार वितरण तथा समापन समारोह आयोजक ईन्द्रायणी क्लबया अध्यक्ष मीमकुमार महर्जनको सभापत्विमा भएको थियो। प्रमुख अतिथिको रुपमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र विशेष अतिथिको रुपमा उपमेयर सरस्वती खड्का उपस्थित हुनु भएको थियो भने अतिथिको रुपमा सह आयोजक २ नं. वडाका अध्यक्ष रमेशमान डंगोल, १ वडाका अध्यक्ष हर्ष महर्जन, ३ वडा अध्यक्ष राजेन्द्र महर्जन, नेकपाका केन्द्रीय सदस्य सुरेन्द्र मानन्धर, शम्भुराम महर्जन लगायतको उपस्थिति थियो। समारोहमा पहिलो हुने वडा नं. ९ "ख" टीमलाई प्रमुख अतिथि मेयर महर्जनले पुरस्कार वितरण गर्नुभएको थियो भने ससः रेष्टुरेष्टका प्रमुख फिरोज महर्जनले रु. ३०,०००।- को चेक हस्तान्तरण गर्नु भएको थियो। त्यसैगरी द्वितीय हुने वडा नं. २ टीमलाई विशेष अतिथि उपमेयर सरस्वती खड्काले पुरस्कार वितरण गर्नुभएको थियो भने वडा नं. २ का विदुर महर्जनले रु.१५,०००।- को चेक हस्तान्तरण गर्नुभएको थियो।

प्रतियोगितामा तेश्रो र चौथो हुने वडा नं. ४ र वडा नं. ९ "क" टीमलाई पनि रु.७,०००।- नगदका साथै पुरस्कार वितरण गर्नुभएको थियो। फाइनल प्रतियोगितामा म्यान अफ दी म्याचको उपाधि वडा नं. ९ "ख" का मनोज नकर्मी हुनु भएको थियो। त्यसै गरी प्रतियोगितमा फेयर प्ले वडा नं. ६ र अनुशासित टीमको उपाधि वडा नं. १ ले प्राप्त गरेका थिए। प्रमुख अतिथि मेयर महर्जनले ईन्द्रायणी परिवार क्लबले सञ्चालन गरिरहेको भलिबल प्रतियोगिता ५ वर्ष पश्चात पुनः सञ्चालन गरेकोमा खुशी ब्यक्त गर्दै नगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो। क्लबका अध्यक्ष मीमकुमार महर्जनको अध्यक्षतामा भएको सो कार्यक्रममा सहभागी प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरू त्था आर्थिक, भौतिक रुपमा सहयोग गरेका सबै लाई भलिबल प्रतियोगिताका संयोजक भुवन महर्जनले खादा ओढाई सम्मान गरेका थिए।

## कीर्तिपुर नगरपालिकाको

## सूचना

१) यस नगरपालिकाभित्र क्रियाशील नागरिक समाज, टोल सुधार समति वा अन्य कुनैपनि संघसंस्थाहरूको सुचिकृत गर्नु पर्ने भएकोले यथाशिघ्र नगरपालिकामा दर्ता गर्न आउनु हुन अनुरोध छ।

२) यस नगरपालिकाभित्र बसोबास गरिरहनु भई नगरपालिकामा स्वयम्‌सेवा गर्न इच्छुक स्वास्थ्यकर्मि तथा इन्जिनीयरिङ्ग सम्बद्ध नागरिकहरूलाई यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्न आउनु हुन अनुरोध छ।

**कीर्तिपुर नगरपालिका,** ***देवढोका, कीर्तिपुर***

## नगर सन्देशको सूचना

**कीर्तिपुर नगरपालिकामा हुने गरेका नगरपालिकासँग सम्बन्धित कुनैपनि कामहरूका बारेमा प्रचार प्रसार गर्न तथा प्रकाशनार्थ यस नगर सन्देश साप्ताहिकमा पठाइदिनु हुन सम्पूर्ण वडा कार्यालय र सम्बन्धित नगरबासीमा हार्दिक अनुरोध गर्दछ।**

**नगर सन्देश साप्ताहिक**
कीर्तिपुर नगरपालिका भवन, देवढोका
इमेल : nagarsandes@gmail.com

**कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८**
**• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन :** ४-३३१३८१, ४-३३१६९३ (दर्ता) **• वेबसाइट** : www.kirtipurmun.gov.np
**• ई-मेल :** ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np **• Facebook :** facebook.com/kirtipurmun **• Facebook :** Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com